लिखु गाउँपालिकाको

# आर्थिक वर्ष ०८१/८२ का लागि सोह्रौं गाउँ सभामा गाउँपालिका अध्यक्ष अशोक कुमार कार्कीद्वारा प्रस्तुत नीति तथा कार्यक्रम

## पेश मितिः २०८१/०३/१० गते

## पारित मितिः २०८१/०३/२७ गते

## लिखु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुंगा

कोशी प्रदेश, नेपाल

उपाध्यक्ष ज्यू,

सभा सदस्य ज्यूहरु,

१) यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष ०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु ।

२) यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३) सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्प, समस्त गाउँपालिकाबासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं ।

४) गाउँपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध पूर्वाधार विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिएको छ ।

## क) <u>विद्यमान परिवेश</u>

१) विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठ्न लागेको अर्थतन्त्र पुनः युक्रेन रुस युद्ध र सोबाट विश्व आपूर्ति श्रृङ्खलामा आएको सङ्कुचनले नेपाललाई समेत प्रभाव पारेको छ । यसबाट सङ्घीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तान्तरणमा समेत नकारात्मक असर पुगेकोछ ।

२) नेपालले जनसांख्यिक लाभ लिँदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिने प्रक्रियामा रहँदा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर बिदेशिनु पर्ने अवस्था चिन्ताजनक छ । आन्तरिक र बाह्य बसाईसराईका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन् । उब्जाउशील खेतवारी बाँझो हुन पुगेका छन् । यस सन्दर्भमा युवालाई देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

३) यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुर्नउत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तीव्र र दिगो आर्थिक विकासका लक्ष्य हासिल गर्नु परेको

छ । यसका लागि हाम्रो गाउँपालिकामा आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

४) सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँ कार्यपालिकाको संस्थागत क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

**ख) <u>विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती</u>**

१) विद्यमान अवसरहरूः हाम्रा सामु देहाय बमोजिमका अबसरहरू रहेका छनः

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निर्माणका विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।
- गाउँपालिका भित्र सामाजिक, साँस्कृतिक तथा भौगोलिक विविधता पालिकाको प्रमुख आकर्षणको रुपमा रहनु ।
- पालिका भित्रका सबै वडामा आधारभूत सडक पूर्वाधारको पहुँच अभिवृद्धि हुनु।
- सडक निर्माणमा भएको लगानीसँगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित गर्न प्रयासरत रहनु ।
- घरहरूको निर्माणमा भवन संहिता पालना हुने क्रम बढ्नु ।

२) विद्यमान चुनौतीहरूः हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः

- रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
- दिगो र भरपर्दो कृषि बजारको व्यवस्थापन गर्नु ।
- गुणस्तरीय बीउबिजन मलखाद समयमा नै उपलब्ध गराउनु ।
- युवा जनशक्तिलाई कृषि ब्यवसायप्रति आकर्षित गर्नु ।
- ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।

- निर्माण भएको पूर्वाधारको दिगो व्यवस्थापन तथा मर्मत संभार पद्धतिको विकास गर्नु ।
- सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोकि व्यवस्थित बनाउनु ।
- भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।
- अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु ।
- बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।
- सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र सेवालाई ब्यवस्थित गर्नु ।
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा, गिट्टि तथा बालुवा) को मापदण्ड कायम गरी उत्खनन् तथा निकासि कार्यलाई व्यवस्थित गर्नु ।
- विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रवाह प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्नु ।

## ग) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

१) नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा आर्थिक वर्ष ०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

२) सोह्रौं योजना, दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

३) सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ ।

४) नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकार, त्यसका अधिकार क्षेत्र सङ्घ, प्रदेश तथा स्थानीय सरकार बिचको सहकार्य, समन्वय र सहअस्तित्व समेतको मर्म अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत नीति तथा कार्यक्रम समेतलाई हृदयङ्गम गरी स्थानीय सरकार सञ्चालनको पूर्व अभ्यासलाई गाउँसभा तथा कार्यपालिकामार्फत पारित ऐन, नियम तथा कार्यविधि साथै "लिखु गाउँपालिकाको दृष्टि, सुशासनमार्फत समृद्धि" सोचका साथ आर्थिक वर्ष ०८१/८२ नीति तथा कार्यक्रम तय गरिएको छ ।

**घ) आगामी आर्थिक बर्षको प्रमुख नीति तथा कार्यक्रमहरूः**

उपाध्यक्ष ज्यू,

सभा सदस्य ज्यूहरु,

१) सीमित साधन स्रोत र सीमितता बिच हामीले अब सुशासन, सामाजिक न्याय र समृद्धिको राष्ट्रिय आकाङ्क्षा पुरा गर्ने बाटो तय गर्नुछ । हामीसँग भएका प्राकृतिक स्रोत र सम्पदाहरुको उपयोगको नीति र त्यसबाट आयआर्जन कसरी गर्ने यसबारेमा पनि हामीले सामुहिक चिन्तन गर्दै पर्यटन र कृषिमा उद्यमशीलता तथा रोजगारी सिर्जना गर्नुपर्नेछ ।

२) लोकतन्त्रको आधारस्तम्भको रुपमा एवं जनताले महसुस गर्न सक्ने र भेट्न सक्ने सरकारको रुपमा रहेको स्थानीय सरकारसँग जनताको विकासप्रतिको उच्च आकाङ्क्षालाई समयोचित सम्वोधन गर्दै समग्र गाउँपालिकालाई समृद्धितर्फ तीव्र गतिको यात्रामा अग्रसर गराउने गाउँपालिकाको लक्ष्य रहेको छ ।

३) यस बिचमा स्थानीय सरकारको स्वरुपलाई संविधान प्रदत्त व्यापक क्षेत्राधिकार भएको वलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियालाई सगँसगैं सावधानीपूर्वक अघि बढाउनु परेको छ । यस्तो जटिल र चुनौतिपूर्ण मोडमा लोकतन्त्रको संस्थागत विकास गर्न सदा सजग र संवेदनशील हामी काम गर्नेछौ ।

४) स्थानीय सरकारलाई प्राप्त बजेटको दायरामा रही आ.व. ०८१/०८२ को लक्ष्य, भौगोलिक, क्षेत्रीय, वर्गीय, सन्तुलन कायम गर्दै आर्थिक प्रशासनिक एंव

राजनैतिक सुशासनमार्फत सुखी, समुन्नत, न्यायपूर्ण तथा समृद्ध लिखुको निर्माण गर्ने लक्ष्य रहेको छ ।

५) स्थानीय सरकार जनभावना, जनआकाङ्क्षा र आवश्यकताका आधारमा स्थानीय नागरिकको जीवनस्तरमा सुधार गर्न तथा विकास र  अपेक्षा पूरा गर्न दृढ संकल्पका साथ अगाडि बढिरहेको छ ।

६) भौतिक संरचना अपर्याप्तता कर्मचारी र अन्य स्रोतसाधनको कमी तथा सङ्घ, प्रदेश र स्थानीय तहबिच आयोजनाको वर्गीकरण समयमा नहुनु जस्ता अनेकन प्रतिकूलताका बाबजुद स्थानीय सरकारले काम गर्नुपर्ने व्यहोरा यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

**शिक्षा नीति**

७) विद्यार्थी भर्ना दरलाई शतप्रतिशत पुऱ्याउन र सामुदायिक विद्यालयप्रति अभिभावक र बिद्यार्थीको आकर्षण बढाउन गाउँपालिकास्तरीय विद्यालय भर्ना अभियान तथा सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

८) शैक्षिक सुधार कार्यक्रम अन्तर्गत स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

९) विद्यालय परीक्षा सञ्चालन, अनुगमन र व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाईनेछ ।

१०) गाउँपालिका  क्षेत्र  भित्रको विद्यालय तहको शैक्षिक गतिविधिमा एकरुपता कायम गर्न पालिकास्तरीय शैक्षिक क्यालेण्डर निर्माण तथा कार्यान्वयन गरिनेछ ।

११) विद्यालयमा प्रविधिको विस्तार तथा शैक्षिक सामाग्री निर्माणका लागि सहयोग गरिनेछ ।

१२) सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई सेनिटरी प्याड वितरण गरिनेछ ।

१३) सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाका लागि गुरुयोजना बनाई शिक्षाको स्तरोन्नती गरिनेछ ।

१४) सवै सामुदायिक विद्यालयमा प्राविधिक तथा सूचना प्रविधि शिक्षालाई उच्चतम प्राथमिकतामा राखि क्रमशः कार्यान्वयन तर्फ लगिनेछ ।

१५) विद्यालयलाई बालमैत्री बनाउनुका साथै सवैका लागि शिक्षा अभियान सञ्चालन गरी प्राविधिक शिक्षालय स्थापनाका लागि प्रोत्साहन र थप सम्भाव्यता अध्ययन गरिनेछ ।

१६) विद्यार्थी सिकाइ उपलव्धिको परीक्षण र व्यवस्थापन गरी विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमार्फत सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनलाई विशेष जोड दिईनेछ ।

१७) सबै विद्यालयहरुमा स्थानीय पाठ्यक्रम लागु गरिनेछ ।

१८) शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थी र अभिभावकहरुसँग छलफल तथा अन्तरक्रिया गरी विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सहजीकरण गरिनेछ ।

**स्वास्थ्य नीति**

१९) स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्न पाउने संवैधानिक अधिकारलाई प्रत्याभूत गर्न स्थानीय सरकारले स्वास्थ्यकर्मी लगायतको सुविधा सहित १ वटा ५ शैय्या अस्पताल, ९ वटा स्वास्थ्य संस्था, २२ वटा खोप केन्द्र र १९ वटा गाउँघर क्लीनिकको व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

२०) नेपाल सरकारले निःशुल्क वितरण गर्न तोकिएको औषधी तथा औषधीजन्य सामानहरु सबै स्वास्थ्य संस्थाहरुबाट उपलब्ध हुने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२१) दीर्घ रोग लागेका विपन्न नागरिकको स्वास्थ्य उपचारार्थ सङ्घीय सरकारको सहकार्यमा दीर्घरोगी स्वास्थ्य उपचार खर्च प्रदान गरिनेछ ।

२२) परिवार नियोजन कार्यक्रमलाई प्रभावकारिताका साथ निरन्तरता दिइनेछ ।

२३) सबै स्वास्थ्य संस्थाहरुमा वर्थिङ सेन्टरको व्यवस्थापन गरिनेछ ।

२४) मातृ, नवजातशिशु तथा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२५) नागरिकहरुको स्वास्थ्य सेवा सुनिश्चितताको लागि सवै वडामा चिकित्सक सहितको घुम्ती टोलीमार्फत स्वास्थ्य परीक्षण गरिनेछ ।

२६) गर्भवतीसँग उपाध्यक्ष भेटघाट कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२७) गर्भवतीहरुको लागि ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम प्रत्येक वडाको स्वास्थ्य चौकीमा शिविरको रुपमा सञ्चालन गरिनेछ ।

२८) गाउँपालिकास्तरीय ५ शैय्या अस्पतालबाट नियमित स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

२९) आँखा सम्बन्धी सामान्य परीक्षण, मोतियाबिन्दु, जलबिन्दु, दृष्टीदोष परीक्षण तथा चस्मा वितरण, औषधि वितरण लगायतका सेवाहरु गाउँपालिकाबाट नियमित रुपमा प्रवाह गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

३०) सामुदायिक बिद्यालयहरुमा आँखा जाँचसम्बन्धी निःशुल्क शिविर सञ्चालन गरिनेछ ।

३१) पुरानो चिकित्सा पद्धति आयुर्वेद शिक्षाप्रति जागरण ल्याउन सवै वडामा आयुर्वेद शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

३२) योग, फिजियोथेरापी, आयुर्वेद र जडिबुटीको माध्यमबाट नागरीकलाई स्वस्थ बनाउने अभियान सञ्चालन गरिनेछ ।

३३) पोकली आयुर्वेद औषधालय तथा गाउँपालिकास्तरीय आयुर्वेद कार्यालयलाई स्तरोन्नती गरी सम्पुर्ण वडाहरुमा सेवा विस्तार गरिदैं लगिनेछ ।

३४) प्रत्येक वडा तथा टोलमा नागरिक आरोग्य समिति गठन गरी सेवालाई थप चुस्त बनाईनेछ ।

३५) नागरिकसँग सरकार रहेको अनुभूति हुनेगरी **कोख देखि शोक सम्म** कार्यक्रमलाई निरन्तरता सहित नवजात शिशुको नाममा बैंक खातामा खोलि बिउँ पुँजिको रुपमा निश्चित रकम जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

३६) नागरिकको सुख दुःखमा सरकार भन्ने अवधारणा अनुरुप मृत्युसंस्कारमा समवेदनमा सहित भेटघाट कार्यक्रम गरी काजकिरिया खर्च दिने व्यवस्था मिलाइनेछ ।

उपाध्यक्ष ज्यू,
सभा सदस्य ज्यूहरु,

**कृषि, पशुपन्छी तथा सिंचाई नीति**

३७) गाई पालन तथा बाख्रापालन कार्यक्रमलाई व्यवस्थित गरी उत्पादनमा आधारित अनुदान वितरण गरिनेछ ।

३८) कृषिजन्य सामाग्री वितरण गरी कृषिमा आधुनिकीकरण गर्ने नीति अख्तियार गरिनेछ ।

३९) बाली तथा पशुपन्छीजन्य महामारी रोग नियन्त्रणलाई बिशेष प्राथमिकता दिईनेछ ।

४०) मौरीपालन कार्यलाई व्यवस्थित र व्यवसायीक बनाउन प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

४१) वडाहरुमा कृषि सङ्कलन केन्द्र र गाउँपालिकास्तरीय बिउ बैंक सञ्चालनमा ल्याईनेछ ।

४२) किसान सुचीकरण, पशुपन्छी बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४३) सिंचाईलाई व्यवस्थित बनाउन साना सिंचाई कार्यक्रमसँग साझेदारी गरी सिंचाई कुलो निर्माणलाई निरन्तरता दिईनेछ । सिंचाईका बहुउद्देश्यीय आयोजनाहरुलाई प्राथमिकता दिईनेछ ।

४४) निर्माण सम्पन्न भईसकेका सिंचाई प्रणालीहरुको मर्मत, सुधार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरुको सहभागिता सुनिश्चित गर्दै लगिनेछ ।

४५) सुख्खा तथा खडेरीको प्रकोप बढी हुने स्थानमा आकाशे पानी सङ्कलन, आहाल र प्लाष्टिक पोखरी कार्यक्रम सञ्चालन गरी जैविक विविधताको संरक्षण गर्न पहल गरिनेछ ।

४६) गाउँपालिका भित्रका जमिनहरुको भूउपयोग नीति बमोजिमको वर्गीकरणलाई अद्यावधिक गरिनेछ ।

४७) खेतीयोग्य जमिन तथा वाँझो जमिनमा आवश्यक सिँचाइको व्यवस्था गरी कृषि उत्पादन बढाईनेछ ।

४८) पशुपालन तथा कृषि कार्यका लागि दीर्घकालीन योजना तयारी गरी कृषि सडक तथा स्थानीय स्तरका सिँचाइ प्रणालीको निर्माण गरिनेछ ।

४९) कृषि पशुपन्छी सेवालाई वडातहमा विस्तार गर्दै चुस्त दुरुस्त बनाईनेछ ।

## भौतिक पूर्वाधार विकास नीति

५०) लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोगको लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग साझेदारी एवं संयुक्त व्यवस्थापनमा ठुला पूर्वाधार निर्माण कार्य गरिनेछ ।

५१) गाउँपालिका भित्र रहेका प्रमुख सडकहरुलाई सङ्घ, प्रदेशसँगको साझेदारीमा स्तरोन्नती गरिनेछ ।

५२) गाउँपालिका गौरवको आयोजनाको रुपमा वडा नं. १ को पसलटार देखि यसम, गाम्नाङ्टार हुँदै वडा नं. ९ को माहुरडाँडासम्म सडक स्तरोन्नती गरी कालोपत्रे कार्यलाई प्राथमिकताको साथ निरन्तर सञ्चालन गरिनेछ ।

५३) प्रमुख भौतिक पूर्वाधार विकासका लागि सङ्घ तथा प्रदेश समक्ष समपुरक तथा बिशेष अनुदानको माग गरिनेछ ।

५४) बाह्रै महिना मोटर चल्ने गरी सडकको व्यवस्थापन गरिनेछ ।

५५) गाउँपालिका भित्र विगतदेखि सञ्चालित क्रमागत आयोजनाहरुलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।

५६) गाउँपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई कानुनी दायरामा ल्याइ त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ ।

५७) गाउँपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै वखत हटाईनेछ र गाउँपालिका भित्र रहेका सम्पूर्ण घरहरुको नक्सा पास गरिनेछ ।

५८) गाउँपालिका भित्रका नागरिकहरुलाई सफा र स्वच्छ खानेपानी उपलव्ध गराउन विभिन्न सङ्घ संस्थासँग सहकार्य गरी खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ ।

५९) पानीका मुहानहरुको संरक्षण एवं आवश्यक ठाउँमा लिफ्ट प्रविधिको पूर्वाधारहरु तयार गरिने छ ।

६०) बैकल्पिक उर्जा सम्बन्धी कार्यलाई निरन्तरता दिदै लगिनेछ ।

६१) गाउँपालिका भित्र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा सञ्चालनमा रहेको लिखु एक द्वार सडक निर्माण लगायतका सङ्घीय तथा प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना समयमा नै सम्पन्न गर्न स्थानीय सरकारका तर्फबाट आवश्यक सहयोग एवं समन्वय गरिनेछ ।

६२) गाउँपालिका सेवा क्षेत्र भित्र रहेका लघु जलविद्युत उत्पादनका आयोजनाहरुलाई व्यवस्थित गर्दै केन्द्रिय बिद्युतीकरणलाई प्राथमिकता दिँदै लगिनेछ र सवै वडाहरुमा केन्द्रीय विद्युतीकरण जडान गरी उज्यालो लिखु अभियानलाई सार्थकता पारिनेछ ।

६३) मोटरेवल पुल एवम् झोलुङगे पुल निर्माणका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ । पक्की पुलहरुलाई प्राथमिकतामा राखी अगाडि बढाइनेछ।

६४) प्रहरी प्रशासनलाई व्यवस्थित गर्न आवश्यक भवन निर्माण गरिनेछ । गाउँपालिकाको प्रशासकीय भवन निर्माण प्रकृया सुरुवात गरिनेछ ।

उपाध्यक्ष ज्यू,

सभा सदस्य ज्यूहरु,

**विपद् व्यवस्थापन नीति**

६५) स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, नदी कटान तटवन्ध, नदी र पहिरोको नियन्त्रण, विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा वस्तीहरुको पहिचान र स्थानान्तरणको लागि सङ्घ तथा प्रदेशसँग समन्वय र सहकार्य गरिनेछ ।

६६) विपद् व्यवस्थापनका लागि सबै वडामा गठित विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाउदै युवा परिचालनका लागि विपदमा युवा कार्यक्रम सञ्चालन गरिनेछ ।

६७) बाँझो जमिनहरुमा वृक्षारोपण गरिनेछ। भू-क्षय रोकथामका कार्यक्रमहरु सञ्चालन गरी आवश्यकता अनुरुप निरन्तरता दिँदै लगिनेछ ।

६८) प्राकृतिक तथा मानवीय कारणबाट सिर्जित विपद्का घटनाहरुको तत्कालै सम्वोधन गरी सरकारको अनुभूति दिने प्रयास गरिनेछ।

६९) विपद् व्यवस्थापन कोषको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

**पर्यटन नीति**

७०) पोकली झरना, भोल्टेकोट गढी, नर्मदेश्वर महादेव मन्दिर, बाङ्के पिपल महादेवथान, मौला मन्दिर, मैताकुन्ता ढुंगढुंगे मन्दिर, दुग्देश्वर मन्दिर, गुसेश्वर मन्दिर, रामेश्वर पशुपति मन्दिर, कुण्डलेश्वर महादेव मन्दिर, भकारे ढुंगा, श्रीचौंर, महाकाली देविथान, कालीदेवि थान, चण्डीथान, सेति देविथान, जालपादेविथान, सिद्धथान, राम लक्ष्मण पाइला, साम्देम छेलिङ गुम्वा, साङ्गे छोलिङ गुम्बा, प्यागर ग्याल्वो, किराँत भोल्टेकोट, दुर्योचन्द्र खनुवा पोखरी, चुलाचुली देवी मन्दिर, चुलि डाँडा लगायत गाउँपालिका भित्रका प्राकृतिक,

धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

७१) पर्यटकीय सडक निर्माण गरी गाउँपालिकाको पहिचान तथा अर्थतन्त्रको आधारशिलाको रुपमा विकास गरिनेछ ।

७२) पर्यटनमैत्री संरचना निर्माण तथा पर्यटन पूर्वाधार निर्माण गर्न विस्तृत पर्यटन गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

७३) निजी क्षेत्रसँग समेत हातेमालो गरी लिखुको पर्यटकीय पूर्वाधार विकासका कार्य अगाडि बढाईनेछ ।

## लैंगिक समानता, युवा तथा समावेशिकरण नीति

७४) ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, एकल महिला, वालवालिका लगायतलाई गरिने सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई चुस्त वनाउन आवश्यक कार्य गरिनेछ ।

७५) लैङ्गिक हिंसा निवारणको लागि संरक्षण कोष स्थापना गरिनेछ । बृद्ध बृद्धाहरुलाई उचित तरिकाले पालनपोषण गर्ने छोरावुहारीहरुलाई प्रोत्साहन स्वरुप सम्मान गरिनेछ ।

७६) एकल महिला उद्यमशीलता प्रवर्धन कार्यक्रमहरु सञ्चालन गरिदै लगिनेछ ।

७७) सवै ज्येष्ठ नागरिक तथा अपाङ्गहरुलाई परिचय-पत्र वितरण कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।

७८) युवा तथा महिलाको क्षमता विकास अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रम लगायत लक्षितवर्गसँग सम्वन्धित कार्यक्रमको सञ्चालन गरीनेछ ।

७९) जोखिमयुक्त वस्ती पहिचानका साथै सुकुम्वासी तथा विपन्न नागरिकको पहिचान र अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरी सुकुम्वासी तथा विपिन्न नागरिक सम्बन्धी जीविकोपार्जन र वसोवासको व्यवस्थापनका लागि उचित प्रवन्ध गरिनेछ ।

८०) दुर्गम बस्तीहरुलाई प्राथमिकतामा राखी सुरक्षित नागरिक आवास तथा जनता आवास कार्यक्रमलाई निरन्तर सञ्चालन गरिनेछ ।

८१) विदेशबाट फर्केका युवाहरुको तथ्याङ्क सङ्कलन गरी उनीहरुमा भएको सीपलाई मध्यनजर गर्दै युवा स्वरोजगार कार्यक्रम तय गरिनेछ ।

८२) शहरबाट गाउँ फर्किने वातावरण तयार गर्न शहरबाट गाउँ फर्किने महिलाहरुको लागि उद्यमशीलता प्रवर्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

८३) रोजगारमूलक कार्यक्रममार्फत गरिवी न्यूनिकरण गर्न एक घर एक महिला सीपमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

८४) गर्भवती / सुत्केरी उद्धार कार्यलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदानलाई निरन्तरता दिईनेछ।

८५) महिलाहरुमाथि हुने घरेलु तथा अन्य विभिन्न प्रकारका हिंसाको न्यूनीकरणका लागि विभिन्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

उपाध्यक्ष ज्यू,

सभा सदस्य ज्यूहरु,

**व्यपार तथा व्यवसाय प्रवर्द्धन नीति**

८६) गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाइँदै आएकोमा यसलाई थप व्यवस्थित गर्न साना तथा ठूला व्यवसायलाई दर्ता तथा नवीकरण कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

८७) पालिका भित्रका स्थानीय उत्पादनको बजार व्यवस्थापनको लागि स्थानीय हाटको व्यवस्था गरिनेछ ।

८८) गाउँपालिका भित्रका कृषकहरुले उत्पादन गरेका वस्तुहरुलाई सङ्कलन केन्द्रमा व्यबस्थित गर्दै बजारीकरणलाई थप मजबुत बनाईनेछ ।

८९) लघुउद्यम बिकास कार्यक्रम अन्तर्गत नयाँ लघु उद्यमी उत्पादन सिर्जनालाई बढवा दिदै लगिनेछ ।

९०) गाउँपालिका भित्र रहेका जडिबुटीहरुको पहिचान गरी उत्पादन र प्रशोधनमा जोड दिई उद्योग सञ्चालनलाई प्रोत्साहित गरिनेछ ।

**सहकारी तथा संस्था परिचालन नीति**

९१) गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमती, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउँदै स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि गरी सहकारी संस्थाको प्रर्वद्धन, परिचालन र विकास गरिनेछ ।

९२) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान गरी दैनिक उपभोग्य वस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन र विक्री वितरण गर्ने सहकारीलाई प्रवर्द्धन गरी प्रोत्साहन गरिनेछ ।

९३) बैंक तथा वित्तीय संस्थाहरुसँगको सहकार्यमा सवै नागरिकहरुमा बैंक तथा वित्तीय साक्षरता अभिवृद्धि गर्न आगामी वर्षहरुमा सघन रुपमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्रिदै लगिनेछ ।

९४) गैरसरकारी सङ्घ संस्थामा आवद्ध रही गाउँपालिका क्षेत्रभित्र कार्यरत सङ्घ संस्थाको यथार्थ विवरण गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा अद्यावधिक गराउनुपर्ने नीति अविलम्व लिईनेछ ।

**राजश्व सङ्कलन, परिचालन तथा अभिलेखाङ्कन नीति**

९५) स्थानीय कर सङ्कलनका लागि आवश्यक ऐन, नियमावली तथा कार्यविधि बनाई स्थानीय कर सङ्कलन गरिनुका साथै व्यवसाय दर्ता लगायत राजश्वको स्रोतको दायरा फराकिलो बनाई राजश्व सङ्कलनलाई व्यवस्थित बनाईनेछ ।

९६) यस गाउँपालिका “हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर” भन्ने नारालाई साकार पार्न असल कारदातालाई सम्मान र तोकिएको समयमै कर तिर्ने करदातालाई विशेष छुटको व्यवस्था गरिनेछ ।

९७) जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल गार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तिकरण सूचकाङ्क, राजश्व तथा आय व्यय समेतको तथ्यांक सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्व चित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखन गरिनेछ ।

९८) सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिने छ । सबै सार्बजानिक जग्गा र गाउँपालिका भित्र रहेका सम्पूर्ण विवरणको तथ्याङ्क सङ्कलन गरी यथार्थ खाका तयार गरिनेछ ।

९९) नदिजन्य पदार्थ तथा खानी तथा खनिज पदार्थको निकासी तथा उत्खननलाई व्यवस्थित बनाउन प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गरी राजश्व सङ्कलनको दायरामा ल्याइनेछ ।

## युवा तथा खेलकुद नीति

१००) खेल र खेलाडीलाई प्रोत्साहन गर्दै खेलबाट गाउँपालिका चिनाउने अभियानको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०१) विद्यालय तहमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गरिनेछ ।

१०२) युवामा नैतिकता र चारित्रिक गुण तथा अनुशासनको विकास गरी परिवार, समाज र राज्यप्रतिको दायित्व वोध गराउने एवं श्रमको सम्मान गर्ने संस्कारको विकासका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१०३) गाउँपालिका खेलकुद विकास समिति गठन गरी विभिन्न खेलको आयोजना गरिनुका साथै विभिन्न विधाका खेलाडीहरुका आवश्यकता वमोजिम क्षमता विकासको लागि आवश्यक पहल गरिनेछ ।

१०४) एक वडा एक खेलमैदानको क्रमश: व्यवस्थापन गर्दै लगिनेछ ।

उपाध्यक्ष ज्यू,
सभा सदस्य ज्यूहरु,

## सुशासन नीति

१०५) गाउँपालिकाले सहभागितामूलक योजना तर्जुमा प्रकृयामार्फत चालु आर्थिक वर्ष ०८१/८२ मा स्थानीय स्तरको विकासका लागि वार्षिक योजना बनाई कार्यान्वयन गरिनेछ ।

१०६) संस्थागत सुशासन र सेवा प्रवाहसँग जोडिएका कार्यक्रमलाई निरन्तरता दिदै नीति निर्माण र विकास निर्माणको अगुवाइ, अनुगमन एवं जनताको सुख दु;खमा साथ दिने गरी स्थानीय सरकारलाई सशक्त बनाइनेछ ।

१०७) राष्ट्रसेवक कर्मचारीहरुको कार्यसम्पादन एवं लगनशिलतालाई उच्च प्रशंसा गर्दै उच्च मनोवलका साथ तटस्थ, निष्पक्ष र गुणस्तरीय नागरिक सेवा प्रवाह गर्न अभिप्रेरित गरिनेछ ।

१०८) प्राविधिक कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य प्रकृति अनुसारको फिल्ड भत्ताको व्यवस्था गरिनेछ ।

१०९) स्थानीय सरकारका प्रतिफलहरुलाई नागरिक समक्ष पुर्याउन कर्मचारीबाट भएको सकारात्मक भूमिकाको उच्च मूल्याङ्कन गर्दै उत्कृष्ट कर्मचारीलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११०) कर्मचारीहरुको रिक्त दरवन्दी परिपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा सिफारिस गरिनेछ ।

१११) विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायीक समिति मार्फत थप प्रभावकारी बनाईनेछ । मेलमिलापमार्फत विवाद समाधान गरी शान्ति स्थापना गर्न प्रभावकारी रुपमा कार्यक्रमहरु सञ्चालन गरी मेलमिलापकर्तालाई प्रोत्साहित गर्दै लगिनेछ ।

११२) जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि गरी विकास र सेवा प्रवाहमा गुणस्तर कायम गर्न तालिम, प्रशिक्षण र अभिमुखीकरणका साथै भ्रमण अवलोकन गराईनेछ ।

११३) गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख तथा कर्मचारीसँग मापनयोग्य सूचकहरुसहित कार्यसम्पादन सम्झौता गरी सम्बन्धित पदाधिकारीहरुलाई नतिजाप्रति थप जवाफदेही बनाईनेछ ।

११४) असारे विकासलाई आगामी वर्ष अन्त्य गर्न योजना सम्झौताका कार्यलाई श्रावण महिनाबाट शुरु गरिनेछ ।

११५) जिल्ला प्रहरी कार्यालय र स्थानीय सरकारबीचको समन्वयमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रम तथा लागुपदार्थ दुव्यर्सनको रोकथाम सम्वन्धी कार्यक्रम सञ्चालन ल्याईनेछ ।

११६) गाउँपालिका भित्र रहेको गुठीको समस्यालाई यथाशीघ्र सम्वोधन गर्न प्रदेश सरकारमार्फत नेपाल सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

११७) सार्वजनिक प्रशासनलाई राजनीतिक सिद्धान्तबाट अलग राखी सरकारका नीति तथा कार्यक्रम निष्पक्ष रुपमा कार्यान्वयन गरी समृद्ध लिखु गाउँपालिका निर्माणमा समर्पित गराईनेछ ।

११८) गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणलाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त सङ्गठन संरचनामार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइने छ। यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ ।

**सूचना तथा सञ्चार प्रविधि नीति**

११९) स्थानीय सरकारको सेवा प्रवाहलाई सूचना प्रविधिसहितको सेवासँग जोड्न गाउँपालिका तथा सबै वडाबाट प्रदान गरिने सेवालाई अनलाइन माध्यमबाट सेवा प्रवाह गर्ने कार्यक्रम ल्याइनेछ।

१२०) नागरिकको सूचनाको हक स्थापित गर्दै स्थानीय सरकारका सूचनाको सही प्रवाहीकरण गरिनेछ।

१२१) सूचना प्रबिधिलाई थप प्रभावकारी बनाउन सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य संस्था, बिद्यालय तथा सार्वजनिक स्थानहरुमा ईन्टरनेट सेवा विस्तार गरिनेछ।

१२२) सार्वजनिक सुनुवाई कार्यक्रममार्फत स्थानीय सरकारको सेवा प्रवाह प्रतिको आम नागरिकको धारणा बुझ्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२३) सामाजिक सञ्जालमा व्यक्त हुने अमर्यादित तथा असभ्य व्यवहारहरुलाई कानुनी दायरामा ल्याई सभ्य समाज निर्माणमा जोड दिईनेछ ।

१२४) पारदर्शी सरकार निर्माणमा जोड दिँदै डिजिटल गाउँपालिकाको अवधारणा अगाडि बढाइनेछ ।

उपाध्यक्ष ज्यू,

सभा सदस्य ज्यूहरु,

१२५) यस प्रस्तावित नीति तथा कार्यक्रमले मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्धमशीलता र रोजगारी वृद्धि, स्थानीय नेतृत्व विकास, दिगो विकास, प्रभावकारी सेवा प्रवाह, भौगोलिक, क्षेत्रीय, वर्गीय, सन्तुलन कायम गर्दै सम्मुनत न्यायपूर्ण र कानूनी शासनको प्रत्याभूतिलाई प्राथमिकतामा राख्दै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्नेतर्फ केन्द्रित रहनेछ ।

१२६) यी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट "लिखु गाउँपालिकाको दृष्टि सुशासन मार्फत समृद्धि" भन्ने नारालाई आत्मसाथ गर्दै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न स्थानीय सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन् । सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ ।

१२७) बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा राय, सल्लाह तथा सुझाव पेश गर्नु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

१२८) प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला सबैको सहयोग, सहकार्य र स्वामित्व अपरिहार्य छ। यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवाला लगायत सवैको सद्भाव, र सहयोग हुनेमा विश्वस्त छु ।

**धन्यवाद !**

अशोक कुमार कार्की
गाउँपालिका अध्यक्ष